STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ४२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ फागन १३ गते शुक्रबार ❑ 25 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## शीर्ष नेताबीच एमसिसी, संसद् अवरोध र राष्ट्रिय सन्दर्भबारे छलफल

**रासस**
**काठमाडौं, १२ फागुन**

नेपाल सरकार र अमेरिकी सहयोग निकाय मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी)बीच भएको अनुदान सहायता सम्झौतालाई प्रतिनिधिसभाबाट अनुमोदन गर्ने विषयलाई लिएर राजनीतिक दलहरूबीचको छलफल तीव्र भएको छ।

सम्झौतालाई निष्कर्षमा पुऱ्याउने उद्देश्यले सत्तारूढ दल नेपाली कांग्रेस, सत्ता साझेदार नेकपा (माओवादी केन्द्र) र प्रमुख प्रतिपक्षी नेकपा (एमाले)का शीर्ष नेताबीच छुट्टाछुट्टै भेटवार्ता भएको छ । सरकारले लामो रस्साकस्सीपछि यही फागुन ८ गते सम्झौता प्रतिनिधिसभामा टेबुल गरेको छ । सम्झौता अनुमोदनलाई लिएर सत्ता गठबन्धन, प्रतिपक्षी र जनता विभाजित छन् । सरकारले सम्झौतालाई अनुमोदन गर्ने तयारीका साथ प्रतिनिधिसभामा टेबुल गरेपछि सो सम्झौताको विरोधमा रहेको पक्ष सडक सङ्घर्षमा छन् ।

बुधबारदेखि प्रतिनिधिसभा सम्झौतामाथि छलफल हुने तयारी गरिएको भए पनि अन्तिम समयमा संसद् बैठक स्थगित भयो । प्रतिनिधिसभाको बैठक शुक्रबार १ बजेका लागि बोलाइएको छ । सम्झौतामाथि छलफल सुरु हुने बैठकको सम्भावित कार्यसूचीमा समावेश छ । संसद् भवन नयाँ बानेश्वरमा कांग्रेस सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा र एमाले अध्यक्ष केपी शर्मा ओलीबीच भेटर्वाता भएको छ । सो भेटलगत्तै एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच पनि छलफल भएको थियो । प्रधानमन्त्री देउवा र माओवादी अध्यक्ष दाहालसँग अध्यक्ष ओलीको छुट्टाछुट्टै 'वान टु वान' छलफल भएको थियो । शीर्ष नेताबीच 'वान टु वान' भेटपछि एमाले-कांग्रेस र एमाले-माओवादीका अन्य नेता सहभागी भएर छुट्टाछुट्टै छलफल भएको भेटमा सहभागी एमालेका नेता सुवासचन्द्र नेम्वाङले जानकारी दिनुभयो ।

"उहाँहरू (देउवा र दाहाल)सँग गम्भीर र लामो कुराकानी भयो", नेम्वाङले भन्नुभयो, "एमसिसी, राष्ट्रिय सन्दर्भ र संसद्को गतिरोधका सबन्धमा व्यापक छलफल भयो ।" माओवादी नेतृत्वसँग सकारात्मकरूपमा छलफल भएको उहाँले जानकारी दिनुभयो। एमाले र माओवादीबीच द्विपक्षीय छलफललाई निरन्तर अगाडि बढाउने सहमति भएको उहाँले बताउनुभयो । एमसिसी, संसद्को अवरोध र राष्ट्रिय सन्दर्भमा प्रधानमन्त्रीसँग राम्रो कुराकानी भएको उल्लेख गर्दै नेता नेम्वाङले प्रधानमन्त्री देउवा र अध्यक्ष ओलीबीच फेरि भेट गर्ने सहमति भएको जानकारी दिनुभयो । एमाले-माओवादी नेतृत्वबीच बहुकोणबाट छलफल भएको जिकिर गर्दै उहाँले अहिले नै निष्कर्षमा पुगिहाल्ने अवस्था नआएको सञ्चारकर्मीलाई बताउनुभयो । "दुई अध्यक्षको भेटवार्तामा सहकार्य गर्ने विषयसम्म पुगिएको छैन", उहाँले भन्नुभयो, "आज बस्ने काम (छलफल) भयो, संसद्का गतिरोधका विषयमा कुराकानी भए, विगतका समीक्षा कुराकानी भए, पहिलोपटक यो तहमा यति गम्भीरतापूर्वक छलफल सुरु भएको छ ।"

## एमसिसीमा सहयोग नगरे गठबन्धन टुट्न पनि सक्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १२ फागुन**




नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले एमसिसीमा पुष्पकमल दाहाल (प्रचण्ड) र माधवकुमार नेपालले सहयोग नगरे वर्तमान गठबन्धन टुट्न पनि सक्ने बताउनुभएको छ।

प्रेस युनियन तनहुँले बुधबार दमौलीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले एमसिसी पारित गर्न सहयोग नगरे गठबन्धन कायमै राख्नुपर्छ भन्ने पक्षमा काङ्ग्रेस नरहेको प्रष्ट पार्नुभयो । "सरकारले ल्याएको प्रस्तावको गठबन्धनका दलले सहयोग गर्नुपर्छ, गठबन्धनले साथ नदिए प्रमुख प्रतिपक्षी दलको सहयोगमा भए पनि एमसिसी पास गर्नुपर्छ भन्ने पक्षमा कांग्रेस छ", उहाँले भन्नुभयो । वरिष्ठ नेता पौडेलले एमसिसी असफल बनाएर गठबन्धन कायमै राख्छौं भन्ने कुरा नगर्न गठबन्धनका नेतालाई आग्रह गर्नुभयो । "उस्तै परे चुनावमा पनि जान सकिन्छ, चुनाव घोषणा पनि हुन सक्छ", उहाँले भन्नुभयो । एमसिसी अमेरिकी जनताको उपहार भएको बताउँदै वरिष्ठ नेता पौडेलले एमसिसीको विषयमा अनावश्यक भ्रम फैलाइएको आरोप लगाउनुभयो । "एमसिसी अमेरिकी साम्राज्यवाद होइन, यो विकास परियोजना हो", उहाँले भन्नुभयो, "जनताका बीचमा भ्रम फैलाउने काम गरिएको छ।"

## पुंजिगत खर्च कम्तिमा ८० प्रतिशत गर्ने गरी गति बढाउन मन्त्री बरालको निर्देशन

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले चालु आर्थिक बर्षमा पुंजिगत खर्च कम्तिमा पनि ८० प्रतिशत बजेट खर्च गर्ने गरी कामको गति बढाउन निर्देशन दिनु भएको छ।

प्रदेशको अर्थ मन्त्रालयले विहीबार तनहुँमा आयोजना गरेको बजेट कार्यान्वय र आर्थिक अनुसासन सम्बन्धि अन्तरक्रिया कार्यक्रममा सम्वोधन गर्दै मन्त्री बरालले निमित्त देखायर कर्मचारीले छुट नपाउदै बताउदै पुंजिगत खर्च ८० प्रतिशत भन्दा बढी गर्ने गरी कामको गति बढाउन निर्देशन दिनु भएको हो । लुकेर बसेका राजश्वको क्षेत्र वा सुत्रहरु जानकारी गराउन आग्रह गर्दै मन्त्री बरालले प्रदेशको आन्तरिक श्रोत बृद्धि गर्नुपर्ने बताउनु भयो। संघको बजेटले मात्र प्रदेश सरकार चल्नुको औचित्य नहुने उहाँले जनाउनु भयो। सम्बन्धित कार्यालयहरुको समस्या पहिचान गरी समाधान गर्न भनि आयोजना गरिएको उक्त कार्यक्रम पश्चात योजनाहरु समयमै गुणस्तरिय ढंगले सम्पन्न हुने मन्त्री बरालले विश्वास व्यक्त गर्नु भयो। आगामी बर्षमा आवश्यक पर्ने योजनाहरु सम्बन्धित कार्यालयहरुले जनताको आवश्यकताको आधारमा मात्र ल्याउनु पर्ने मन्त्री बरालको भनाई थियो । जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्तिरमण वाग्लेले राजश्व बृद्धि हुने श्रोतहरुको खोजी गर्नुपर्ने बताउनु भयो। मन्त्रालयले कम्तिमा चौमासिकमा छलफल तथा अन्तरर्क्रिया कार्यक्रम गर्न सके बजेट प्रभावकारी हुने उहाँले दाबी गर्नु भयो। प्रदेश निती तथा योजना आयोगका सदस्य माया तिमिल्सिनाले बजेट खर्च गरेसंगै गुणस्तरियतालाई समेत ध्यान दिन सुझाव दिनु भयो । मन्त्रालयका सचिव बैकुण्ठ प्रसाद अर्यालले सम्बन्धित मन्त्रालयले २५ प्रतिशतसम्म रकमान्तर गर्न सक्ने बताउदै बढी रकम रकमान्तर गर्नु पर्ला अर्थसंग सहमति लिनुपर्ने बताउनु भयो। यस बर्ष खर्च भएर बचत हुने सम्भावना न्यून रहेको उहाँले बताउनु भयो। मन्त्रालयका उपसचिव वसन्तराज तिवारीले पुंजिगत खर्च बढाउने उद्धेश्यले हालसम्म प्रदेशका ९ जिल्लामा उक्त कार्यक्रम गरिएको बताउनु भयो। कोष तथा लेखा नियन्त्रक कार्यालय तनहुँका किशोर कुमार श्रेष्ठले हालसम्म जिल्लामा पुंजिगत तर्फ १८ प्रतिशत र चालु चर्फ ३८ प्रतिशत बजेट खर्च भएको बताउदै १० करोड राजश्व संकलन भएको जनाउनु भयो।

भौतिक पुर्वाधार विकास कार्यालयका प्रमुख दिनेश घिमिरेले जग्गा प्राप्ती, कोभिडको कारण ३९ योजना हाल बजेट नहुदा समस्या भएको बताउनु भयो । बहुबर्षीय योजनाको यस बर्ष करिब २० करोडको दाहित्व सृजना भएको उहाँले बताउनु भयो । खानेपानी तथा सरसफाई डिभिजन कार्यालयका राजेन्द्र प्रसाद न्यौपानेले लिफ्टीङ र बिद्युतीकरणका केही योजनाहरु भएको जसमा कम बजेट भएको गुनासो गर्नु भएको छ। भू तथा जलाधार कार्यालय तनहुँका बजेट कम भएकोले कार्यालय प्रति नै हौचित्यता प्रति प्रश्न उठ्ने गरेको बताउनु भयो। कृषि ज्ञान केन्द्रका कुल प्रसाद न्यौपानेले घर बस्ती नजिक वन जंगल बढ्नाले बादर समस्या हुने गरेको जनगुनासो आएको जनाउनु भयो।

तनहुँका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्यालको अध्यक्षतमा सम्पन्न भएको कार्यक्रममा बजेट कम, कर्मचारी कम, सवारी साधन आवश्यक, टुक्रे योजना लगायतको गुनासो आएको थियो । कार्यक्रमको संचालन भने मन्त्रालयका अधिकृत तारानाथ सुवेदीले गर्नु भएको थियो।

## कार्यान्वयन नहुने योजना तत्काल सरेण्डर गर्न मन्त्री बरालको आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले तत्काल कार्यान्वयनमा नजाने योजनाहरु सरेण्डर गर्न आग्रह गर्नू भएको छ।

प्रदेशको अर्थ मन्त्रालयले विहीबार लमजुङमा आयोजना गरेको बजेट कार्यान्वय र आर्थिक अनुसासन सम्बन्धि अन्तरक्रिया कार्यक्रममा सम्वोधन गर्दै आर्थिक बर्षको दोश्रो चौमासिक सकिन लागेकोले अब कार्यान्वय नहुने योजनाहरु समर्पण (सरेण्डर) गर्न आग्रह गर्नु भएको हो । संघियता कार्यान्वयनको अभ्यासमा रहेकोले केही कठिनायी हुने उल्लेख गर्दै मन्त्री बरालले यस बर्ष कम्तिमा ८० प्रतिशत भन्दा बढी बजेट खर्च गर्ने गरी अघि बढ्न आग्रह गर्नु भयो । समस्या देखायर कर्मचारीले उम्कन नपाउने उहाँले बताउनु भयो । विभिन्न योजनामा विनियोजन गरेको रकम फ्रिज गर्ने सिस्टमको अन्त्य गर्ने रणनितीमा आफुहरु रहेको मन्त्री बरालले बताउनु भयो।

तथ्यमा आधारित भयर जनताका आवश्यकताका योजनाहरु छनौट गर्न मन्त्री बरालको आग्रह थियो। उक्त योजना छनौटमा कुनै ढंगले प्रभावित नहुन उहाँले आग्रह गर्नु भयो । इच्छा शक्ति भएमा यो संघिय प्रणालीलाई थप प्रभावकारी बनाउन सकिने उहाँको भनाई थियो। प्रदेश निती तथा योजना आयोगका सदस्य माया तिमिल्सिनाले बजेट खर्च गर्ने निती तथा प्रणाली नै सुधार गर्नुपर्ने बताउनु भयो । जिल्ला समन्वय समिति लमजुङका प्रमुख भोजराज पाण्डेले लमजुङ वासी विकासे मुद्धामा एक भएको बताउनु भयो।

अर्थ मन्त्रालयका सचिव बैकुण्ठ प्रसाद अर्यालले गत बर्ष लमजुङमा ७२ प्रतिशत चालु तर्फ र ७५ प्रतिशत पूजिगत खर्च भएको जानकारी गराउदै यस चालु आर्थिक बर्षको ७ महिनामा १९ प्रतिशत बजेट खर्च भएको बताउनु भयो। खर्च नहुने योजनाको फाइनल अघि बढाउन उहाँले सुझाव दिनु भयो । प्रदेशमा एक अर्ब भन्दा बढी सवारी साधनको माग भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## मतदाताको स्वास्थ्यलाई ध्यान दिई मतदानको व्यवस्था मिलाइने

**रासस**
**काठमाडौं, १२ फागुन**

निर्वाचन आयोगले कोभिड-१९ महामारीको जोखिमलाई मध्यनजर गर्दै आसन्न स्थानीय तह निर्वाचनमा स्वास्थ्य मापदण्डको पालना गरी मतदानको व्यवस्था मिलाउने भएको छ।

बिहीबार आयोजित नियमित पत्रकार सम्मेलनमा आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले मतदाताको स्वास्थ्यलाई ध्यान दिँदै उपयुक्त व्यवस्था गरिने तयारी भइरहेको बताउनुभयो।

मतदानस्थलमा भीडभाड कम गर्ने, मतदाताबीच भौतिक दूरी कायम गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने र मतदानस्थलमा प्रवेश गर्नेको ज्वरो नाप्नेलगायत व्यवस्था गर्ने तयारी गरिएको उहाँले जानकारी दिनुभयो । आयोगमा आसन्न स्थानीय तह निर्वाचनका लागि १९ दल दर्ता भएका छन् । दल दर्ताका लागि सूचना प्रकाशन भएपछि निर्वाचनमा भाग लिनका लागि दर्ता हुन निवेदन दिने दलको सङ्ख्या २९ पुगेको उहाँले जानकारी दिनुभयो । आयोगमा बहुजन एकता पार्टी, वैज्ञानिक समाजवादी पार्टी, नेपाल सद् भावना पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), तामाङसालिङ लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल समावेशी पार्टी र राष्ट्रिय जनमोर्चा दर्ता भएको सहायक प्रवक्ता अर्यालले जानकारी दिनुभयो।

राष्ट्रिय विकास पार्टी, नागरिक उन्मुक्ति पार्टी, खुम्बुवान राष्ट्रिय मोर्चा, नेपाल परिवार दल, नेपाल विवेकशील पार्टी, नेपाल संसदीय समाजवादी पार्टी, सचेत नेपाली पार्टी, सामाजिक लोकतान्त्रिक पार्टी नेपाल, समाजवादी केन्द्र नेपाल र पिछडावर्ग निषाद दलित जनजाति पार्टी दर्ता भएको छ।

निर्वाचनमा खटिने जनशक्तिको बीमा गर्नुपर्ने कानूनी व्यवस्थाअनुसार आयोगले निर्वाचनमा खटिने एक लाख १० हजार ७१३ अनुमानित जनशक्तिको प्रतिव्यक्ति रु २० लाखको बीमा गर्न बीमा कम्पनीसँग प्रस्ताव माग गरिएको आयोगले जनाएको छ। स्थानीय तह निर्वाचनका लागि मतदान कार्यमा संलग्न हुनेका लागि कोभिड-१९ को महामारीलाई रोकथाम गर्ने स्वास्थ्य सामग्री (मास्क र स्यानिटाइजर) र प्राथमिक उपचारका स्वास्थ्य सामग्री खरिद गर्न बोलपत्रको आह्वान गरिएको आयोगको भनाइ छ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फेदीखोलाका विद्यालयलाई जापानी संस्थाको झोला सहयोग

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

फेदिखोला-२, फेदीखोलामा रहेको महेन्द्र जनसहयोग आधार भुतविद्यालयमापिकएडएजुकेसन फाउण्डेशनको आयोजनामा १५० विद्यार्थीहरुलाई स्कुल झोला वितरण गरिएको छ ।

जापानी संस्था पिक एड केन नोगुचीज फाउण्डेशन जापानको एल्पिनिष्ट नोगुची केनद्धारा उपलब्ध गोदार उपकार थापाको पहलमा प्राप्त एक सय ५० थान झोला विद्यार्थीहरुलाई वितरण गरिएको थियो ।

कार्यक्रमको प्रमुख अतिथि फेदीखोला गाउँपालिका उपाध्यक्ष देवी थापाले गाउँपालिकाम रहेका हरेक विद्यालयहरुका शैक्षिक, भौतिक तथा गुणस्तर युक्त शिक्षाको लागि हरतरहले लागेको वताउँदै विद्यालयलाई सहयोग गर्ने संस्था तथा उपकार थापा प्रति



कृतज्ञता व्यक्त गर्नुभएको थियो । कलाकार तथा साहित्यकार लाल कार्की अन्जानले विद्यालयको लागि आफैले बनाएको पेन्टिङ हस्तान्तरण गर्दै उनले फेदिखोला गाउँ पालिका भित्रका सबै विद्यालयलाई एक एक वटा पेन्टिङ प्रदान गर्ने योजना रहेको बताएका थिए । महेन्द्र जनसहयोग आधार भुत विद्यालयका व्यवस्थापन समिति अध्यक्ष बलबहादुर गोदारले विद्यालयको विगत र अहिलेको वारेमा जानकारी गराउँदै जापानका नागरिक पर्वतारोही नोगुची केनको संस्था मार्फत प्राप्त सहयोगले विद्यालयको भौतिक पुर्वाधारमा कायापलट भएको वताए । सो अवसरमा फेदीखोला २ मा रहेका महेन्द्र जनसहयोग आधार भुत विद्यालयसहित काला भैरब मावि, खहरे आबि, सिद्धार्थ मावि र फेदीखोला १ मा रहेको सिवालय आबिका विद्यार्थीहरुलाई झोला वितरण गरिएको थियो । छालाबाट वनेको झोला भएकोले धैरै समय टिक्ने गोदारले वताए । पिक एड स्कुल प्रोजेक्ट फाउण्डेशनको नाम परिवर्तन गरी उपकार फाउण्डेशन नेपाल वनाउन राख्नु भएको प्रस्तावलाई सर्वसम्मत रुपमा अनुमोदन गरिएको अध्यक्ष गोदारले वताउनु भयो ।

गाउँपालिका उपाध्यक्ष देवी थापा, पुर्व गाविस अध्यक्ष लेखनाथ पराजुली, जनआदर्श माविका पुर्व प्रअ उमाकान्त सुवेदी, वृहत फेदीखोला पोखरा सम्पर्क समाजका संस्थापक अध्यक्ष अविलाश गुरुङ, वर्तमान उपाध्यक्ष जगदिश लामिछाने, समाजसेवी पुष्पराज बराल, कलाकार तथा साहित्यकार लालकार्की अन्जान, पत्रकार कृष्ण रानाभाट लगायतले झोला बितरण । विद्यालयका अध्यक्ष वलबहादुर गोदारको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत धर्मदत्त पौडेलले र संचालन प्रधानाध्यापक तारापति सुवेदीले गर्नुभएको थियो ।

# सवै मिलेर संस्थान बनाउनु पर्छ : महापबन्धक इश्वर प्रसाद

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

नेपाल खानेपानी संस्थानका महापबन्धक इश्वर प्रसादले व्यवस्थापन र कर्मचारी मिलेमात्र संस्थान बन्ने बताएका छन ।

जापान सरकार जाईकाको अनुदान तथा नेपाल सरकारको तर्फबाट खानेपानी संस्थानलाई ऋण अनुदानमा निर्माण भइरहेको पोखरा खानेपानी सुधार आयोजनाको कामको विवरण बुझ्न पोखरा आएका महापबन्धकले उक्त धारणा ब्यक्त गरेका हुन ।

नेपाल खानेपानी संस्थान पोखरा शाखामा भएको स्वागत तथा सम्मान कार्यक्रममा महापबन्धक इश्वर प्रसादले कर्मचारीलाई अनुशासनमा रहेर कार्यालय पमुखले दिएको जिम्मेवारी पुरा गर्न निर्देशन दिए। उनले करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीलाई स्थायी गर्ने प्रक्रियामा लैजाने बताए । महाप्रबन्धक भएपछि पोखरा आएका इश्वर प्रसादले कामचोर तथा हाजिर गरेको भरमा संस्थानको जिम्मेवारी लिएको भए



संस्थान छोडनसमेत चेतावनी दिए । व्यवस्थापन, सञ्चालक समिति र कर्मचारी सवैको दायित्व आ-आफ्ना ठाउँमा बराबर भएको भन्दै जिम्मेवारीको भुमिका निभाउन सक्नु पर्नेमा जोड दिए । स्वागत गर्दै नेपाल खानेपानी संस्थान पोखरा शाखाका कार्यालय पमुख ई. आशिष कार्कीले उपभोक्तालाई सेवा दिने दायित्व संस्थान र कर्मचारीको भएकोले चुस्त, दुरुस्त र पभावकारी सेवा दिनु पर्ने धारणा राखेका थिए । नवनियुक्त महामबन्धकको कार्यकालको पुर्ण सफलताको कामना गर्दै पमुख कार्कीले संस्थानको शाखा मध्ये ठुलो र उपभोक्ता संख्या धैरै भएकाले शाखालाई थप पाथमिकतामा राख्न अनुरोध गरे । पोखरा शाखा अन्तर्गत विन्ध्यवासिनी इकाई कार्यालयमा समेत कर्मचारीका समस्या लगायत बुझ्न पुगेका महापबन्धकलाई इकाई कार्यालयले स्वागत गरेको इकाइ पमुख ई. सन्तोषकुमार दासले जानकारी दिए । स्वागत कार्यक्रममा नेपाल खानेपानी संस्थान कर्मचारी संघको आशन्न ७ औं महाविधेशनका पतिनिधि विष्णुपसाद रेग्मीले सिंगो संस्थानको अभिभावक इश्वर पञ्सादले सवै कर्मचारीको भावना बुझेर काम गर्नेमा आफु ढुक्क भएको बताए । कर्मचारीका समस्या समाधान गर्नेमा आफु विश्वस्त रहेको धारणा राखेका थिए ।

# गोपी, राजन, धरम र हुम सिनियर भेट्रान्सको सेमिफाइनलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

गोपीबहादुर भट्टराई, राजन पौडेल, धरमबहादुर लामिछाने र हुम आले पोखरा रंगशालामा जारी सिनियर भेट्रान्स टेनिस प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन् ।

कास्की जिल्ला टेनिस संघको आयोजना तथा रेवान पोखराको मुख्य प्रायोजनमा जारी प्रतियोगिता अन्तर्गत बिहीबार भएको एकलतर्फको खेलहरुमा जित हाँसिल गर्दै उनीहरुले अन्तिम चारमा स्थान सुरक्षित बनाएका हुन् ।

निकै प्रतिस्प्रधात्मक खेलमा गोपीबहादुर भट्टराईले विनोद कायस्थलाई २-६,६-२ र सुपरटाईमा १०-६ ले पराजित गरे । गत महिना पोखरामै सम्पन्न माछापुच्छे ओपन



राष्ट्रिय टेनिस प्रतियोगिमा गोपी विनोद कायस्थसंग सेमिफाइनलमा पराजित भएका थिए । त्यस्तै पोखराकै बलिया भेट्रान्स विकास गुरुङ्गलाई ६-१, ६-४ ले पराजित गर्दै राजनले अन्तिम चारमा स्थान बनाउँदा हुम आलेले नविन चालिसेमाथि ६-३, ६-० को नतिजा निकाले । धरमबहाबदुर लामिछानेले कर्ण तामाङ्गलाई ६-१, ६-२ ले पराजित गर्दै सेमिफाइनलको यात्रा तय गरेका हुन । डबल्सतर्फ पनि क्वाटरफाइनलका खेलहरु सकिएका छन् । क्वाटरफाइनलमा धरमबहादुर लामिछाने र गोपी भट्टराईको जोडीले राज गुरुङ्ग र केवी तामाङ्ग जोडीलाई ६-२,६-२ ले, नविन चालिसे र शरण गुरुङ्गले इन्द्र र प्रकाशको जोडीलाई वाकओभरमा, राजु गुरुङ्ग र नविन श्रेष्ठको जोडीले बसन्त प्रधान र लक्ष्मण तामाङ्गको जोडीलाई ७-६,६-३ ले तथा लोक गुरुङ्ग र राजन पौडेलको जोडीले विकास गुरुङ्ग र सूर्य भुजेलको जोडीलाई ६-२,६-३ को सेटमा पराजित गर्दै सेमिफाइनलमा पराजित गर्दै सेमिफाइनलमा उक्लिए ।

प्रतियोगितामा खुल्ला एकलतर्फका विजेताले नगद १५ हजार तथा दोश्रो हुनेले नगद ७ हजार ५ सय सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । डबल्सतर्फ विजेताले नगद १० हजार तथा उपविजेताले नगद ५ हजार सहित ट्रफि पुरस्कार प्राप्त गर्नेछन् । नवप्रवेशितर्फका विजेता र उपविजेताले ट्रफि पुरस्कार प्राप्त गर्नेछन् ।

# पोखराका पथप्रदर्शकहरुलाई स्थलगत सीप तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

पोखरालाई कर्मथलो बनाएर पथप्रदर्शन गरिरहेका पर्यटनकर्मीलाई स्थलगत सीप सम्बन्धि तालिम विहीवारदेखि शुरु भएको छ ।

नेपाल पर्वतारोहण संघ गण्डकी प्रदेश समितिको आयोजनामा शुरु भएको तालिम फागुन १९ गतेसम्म चल्ने आयोजक संस्थाका अध्यक्ष शेषकान्त शर्माले जानकारी दिनुभयो । ट्रेकिङ र पर्वतीय पर्यटनमा लागेका गाइडहरुको दक्षता अभिबृद्दी गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो । तालिममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रबर्द्धनात्मक सहयोग, काठमाडौं ईन्भाईरोमेण्टलएजुकेशनप्रोजेक्ट (कीप) नेपालको साझेदारी, उद्योग पर्यटन, बाणिज्य तथा आपूर्ति मन्त्रालय, गण्डकी प्रदेशको सहयोग रहेको छ ।

तलिमको उद्धाटन गर्दे प्रदेश सरकारका उद्योग, पर्यटन, बाणिज्य तथा आपूर्ति मन्त्री मणिभद्र शर्मा कँडेलले पर्वतीय पर्यटनबाट व्यवसायीले अपेक्षित



लाभ लिन नसकेको बताउनुभयो। पर्वतीय गतिविधिको थप प्रचारप्रसार गर्नुपर्ने र आवश्यक जनशक्ति लाई तालिम दिएर थप व्यवसायिक बनाउने कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक तथा गण्डकी प्रदेशका कार्यालय प्रमुख काशीराज भण्डारीले पर्वतीय पर्यटनका बिबिध आयाम र दक्ष जनशक्तिको महत्त्व बारेमा प्रकाश पार्नुभएको थियो । नेपाल पर्वतारोहण संघ, गण्डकी प्रदेशसंगको सहकार्यमा यस अगाडि थुप्रै कार्यक्रम गरिसकेको र आउँदा दिनहरुमा पनि गरिने उहाँको भनाइ थियो।

कीप नेपालका प्रमुख कार्यकारी अधिकृत इयान वालले तालिममा दिईने विषयवस्तुको बारेमा प्रकाश पारेका थिए । नेपाल पर्वतारोहण संघ, गण्डकी प्रदेशका अध्यक्ष शेषकान्त शर्माको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सचिव सुदिप गौतम तथा कोषाध्यक्ष बिकाश गुरुङ लगायतले आफ्नो मन्तव्य राखेका थिए ।

यो प्रकृतिको तालिम पोखरामा पहिलो पटक भएको संघको दावी छ । तालिममा तालिममा पर्वतीय पर्यटनमा अति आवश्यक नक्सा अध्ययन, कठीन परिस्थितिहरुमा दिशा पत्ता लगाउने कला, प्राथमिक उपचार, तारा अध्ययन, कथाबाचन लगायतका विषयवस्तु माथि छलफल गरिनेछ ।

# आगमी १८ गतेदेखि तेस्रो लोक कवि अलिमियाँ सभेन ए साइड फुटबल

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ फागुन**

तेस्रो लोक कवि अलिमियाँ स्मृति खुल्ला सेभेन ए साइड फुटबल प्रतियोगिता आगमी १८ गतेवाट सुरु हुने छ ।

नेपाल मुस्लिम युवा समिति कुँडहर-१३ को आयोजनामा सो प्रतियोगिता सुरु हुनु लागेको हो । युवाहरुलाइ शारीरिक रुपमा स्वस्थ्य बनाउँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा फुटबल खेलाडीहरुलाइ प्रतिष्पर्धि बनाउने उद्देश्यले कार्यक्रम गरिएकोनेपाल मुस्लिम युवा समितिका अध्यक्ष अब्बास अलि मियाँले वताए ।

प्रतियोगिताले युवाहरुमा जाँगर र खेलकुद प्रति रुची बढाउने उद्देश्यले प्रतियोगिता गरिएको अध्यक्ष मियाँले वताए । वडा नं १३ स्थित माछापोखरी खेल मैदानमा हुने प्रतियोगिता प्रथम, द्धित्तिय र विभिन्न विद्यामा पुरस्कृत हुने खेलाडीलाइ पुरस्कार प्रदान गरिने युवा समितिका सचिव सचिव साजित अलि मियाँले वताए । कार्यक्रम संयोजक अब्बु बकर मियाँले कार्यक्रम गर्न सवै क्षेत्रवाट सहयोग आइरहेको वताए ।

# कार्यान्वयन...

सचिव अर्यालले बताउनु भयो । भौतिक पूर्वधार विकास कार्यालय लमजुङ्का प्रमुख सुमन गिरीले बहुबर्षीय योजना, मोटरेवल पुल सहितको केही योजनाको बजेट व्यबस्थापनमा कठिनायी हुने भएको बताउनु भयो । गत बर्ष जनता आवास कार्यक्रम प्रभावकारी नभए पनि यस बर्ष प्रयाप्त बजेट भएकोले समयमै सकिने गरी काम तिव्रता दिएको उहाँले बताउनु भयो ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# समाजलाई विभाजित नगराऊ

राजनीतिमा असम्भव भन्ने केही हुँदैन नेपालका नेताहरूको गतिविधिले देखाएको छानेकपा एमाले र माओवादी केन्द्रका नेताहरू करिब एक वर्षको तिक्तता तोडेका छन । नेकपा विभाजनपछि दुई दलका नेताहरू बीचमा छलफल भएको छासर्वदलीय बैठकमा समेत सहभागी नभएका एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डबीच छलफल भएको छ । अमेरिकी सहयोग मिलिनियम च्यालेञ्ज कर्पोरेसन एमसीसी दलहरूबीचको सम्बन्ध तोड्ने र जोड्ने कडि बन्न पुगेको छाएमाले अध्यक्ष ओली नेतृत्वको सरकार ढालेर कांग्रेस सभापति शेर बहादुर देउवा नेतृत्वको सरकार बनाउन सफल भएका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड अहिले देउवालाई एमसीसीमा असफल पार्ने योजनामा लागेका छन । सत्ता सहयात्री दल माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी प्रधानमन्त्री देउवाले राखेको प्रस्ताव फेल गराउन लागेका छन ।

सत्ता सहयात्री दलहरूको साथ नपाएका प्रधानमन्त्री देउवाले प्रतिपक्षी नेकपा एमालेको साथ खोजेका छन।प्रचण्डले पनि देउवाको प्रस्ताव असफल पार्न एमाले अध्यक्ष ओलीको साथ खोजेका छन । कांग्रेसले सारै मनपराएका प्रचण्ड र माधवकुमार नेपालको विश्वास लिन नसकेर हिजे सबैभन्दा मिलेर पछारेका ओलीको सहयोग र समर्थन खोजेका छन । छ महिनामै गठबन्धनमा अविश्वासको वातावरण बनाउने नेताहरूकै कारण राजनीतिमा असम्भव केही हुँदैन भन्ने देखाएको छ ।

एमसीसी प्रतिनिधिसभाबाट पारित गराउने कि फेल गराउन सकिन्छ भन्ने बारेमा दलहरूबीच छलफल भएका छन । एमाले अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डबीच बिहीबारको वार्तामा एमालेबाट बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल र संसदीय दलका उपनेता सुवास नेम्वाङ सहभागी थिए भने माओवादीबाट नारायणकाजी श्रेष्ठ, देव गुरुङ र शक्ति बस्नेत थिए । तर दुई अध्यक्षबीच गोप्य छलफलपछिमात्र उनीहरु सहभागी भए । दुवै नेताले गरेको ब्रिफिङ अनुसार प्रचण्डले विगतमा जे भए पनि अब नयाँ ढंगले मिलेर जाऔं भन्ने प्रस्ताव राखेका थिए । जवाफमा ओलीले सम्बन्ध सुधारका लागि तीनवटा मुख्य शर्त अघि सारे । त्यो भनेको हामीलाई संसदको कारवाहीमा भाग लिनका लागि वातावरण चाहियो । त्यसका लागि पहिलो कुरा नेकपा एमालेले अनुशासन उल्लंघनमा कारवाही गरेका माधव नेपालसहित १४ सांसद निष्कासनको सूचना सभामुखले टाँस्नुपर्छ ।

यदि त्यसो नहुने हो भने सभामुख अग्नि सापकोटाले राजिनामा दिएर निकास खोल्नुपर्छ । त्यति भयो भने एमालेले सदनको कारवाहीमा भाग लिएर एमसीसी लगायतका विषयमा छलफल गर्ने ओलीले बताएका थिए । एमालेले काङ्ग्रेस ,माओवादी केन्द्रका नेता समक्ष राखेका शर्त नयाँ होइनन् ।छ महिनाअघिदेखि सदनमा उठाउँदै आएका मुद्दा हुन।सदन सुचारू गर्न र एमसीसीका कारण नेपाली समाज विभाजित हुन नदिन प्रमुख दलहरूबीच सहमति हुनुपर्छ । प्रचण्डले संवाद र सम्बन्ध सुधारका लागि राखेको प्रस्तावमा ओलीको अर्को शर्त भनेको विगतमा नेकपाको अध्यक्ष हुँदा आफूविरुद्ध प्रचण्डको अगुवाईमा लगाइएको १९ पेज लामो उनकै भाषामा ‘अपराधिक आरोपपत्र’ खारेज गरेको सार्वजनिक घोषणा गर्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शत्रुको भय | मकर | : मन चञ्चल |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# आइतबार सार्बजनिक विदा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १२ फागुन**

आइतवार मगर दिवसको अवसरमा सार्वजनिक बिदा दिइएको छ ।

स्याङ्जाको गल्याङ् नगरपालिकाले आइतबार राष्ट्रिय मगर दिवशको अवसरमा फागुन १५ गते सार्बजनिक विदा दिएको हो ।

गल्याङ नगरपालिका प्रमुख भुपराज अधिकारीले जारी गरेको सार्बजनिक विदा सम्बन्धि सूचनामा फागुन १५ गते मगर दिबशको अवसरमा नगर भित्र रहेका सम्पूर्ण सरकारी कार्यालय, शैक्षिक संस्था, बैंक तथा वित्तीय संस्था एवम् सार्बजनिक निकायहरुमा सार्बजनिक विदा दिने निर्णय भएको उल्लेख छ ।

# ओमानलाई पराजित गर्दै नेपाल तेस्रो

**रासस**
**काठमाडौं, १२ फागुन**

आईसीसी पुरुष टी-ट्वान्टी विश्वकप छनोटअन्तर्गत ग्लोबल छनोट ए मा नेपालले तेस्रो स्थान हासिल गरेको छ ।

ओमानको मस्कटस्थित अल अमेरात क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले घरेलु टोली ओमानलाई ९ विकेटले पराजजित गर्दै तेस्रो स्थान हासिल गरेको हो । ओमानले दिएको ८८ रनको लक्ष्य नेपालले १६ दशमलव २ ओभरमा १ विकेट गुमाएर पूरा गर्यो । नेपालको जितमा कुशल भुर्तेलले अर्धशतकीय इनिङ्स खेले । कुशलले अविजित रहँदै ५५ रन बनाए । त्यसैगरी आरिफ शेख २१ रनमा अविजित रहे भने आसिफ शेख १३ रनमा आउट भए । ओमानका जिसन मक्सुदले १ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको ओमानले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ८७ रन बनाएको थियो । ओमानका लागि जिसन मक्सुदले सर्वाधिक २१ रन बनाए । यस्तै अयान खानले १६ तथा नसिम खुसीले १५ रनको योगदान गरे ।

नेपालका लागि कप्तान सन्दीप लामिछानेले सर्वाधिक ३ विकेट हात पारे । सागर ढकाल, आरिफ शेख, कमल सिंह ऐरी, अविनाश बोहराले एक-एक विकेट लिए । यसअघि मङ्गलबार भएको सेमिफाइनल खेलमा नेपाल युएईसँग पराजित भएपछि नेपालको विश्वकप खेल्ने सपना समाप्त भएको थियो ।

# विपद् जोखिम न्यूनीकरणसम्बन्धी राष्ट्रिय सम्मेलन सुरु

**रासस**
**काठमाडौं, १२ फागुन**

बहुप्रकोपीय विपद्का हिसाबले उच्च जोखिममा रहेको नेपालमा ‘विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन’का विषयमा आजदेखि राष्ट्रिय सम्मेलन सुरु भएको छ ।

काठमाडौँमा जारी दुई दिने सम्मेलनमा विपद् जोखिमको अवस्था, जोखिम न्यूनीकरण, पूर्वतयारी, राहत तथा उद्धारसम्बन्धी भइरहेका योजना तथा कार्यक्रम, नीतिगत व्यवस्था र आगामी दिनमा अपनाउनुपर्ने कार्ययोजनाका विषयमा छलफल भइरहेको विपद्को क्षेत्रमा काम गर्दै आइरहेको संस्था डिपीनेट नेपालका अध्यक्ष डा राजु थापाले जानकारी दिनुभयो । सम्मेलनमा सरोकारवाला निकायबीच भइरहेका कामकारबाही र अन्तर्राष्ट्रिय अभ्यासका विषयमा समेत अनुभव आदान-प्रदान भइरहेको छ । डिपीनेट नेपालको समन्वय तथा गृह, सङ्घीय मामिला तथा सामान्य प्रशासन, सहरी विकास, वन मन्त्रालयलगायतका विभिन्न सङ्घसंस्थाको सहकार्यमा सम्मेलन भएको हो । सम्मेलन उद्घाटन समारोहमा गृहसचिव टेकनारायण पाण्डेले तीनै तहको सरकारको साझेदारीमा विपद्का अवधारणालाई अगाडि बढाउने प्रयास सुरु भएको जानकारी गराउँदै मुलुकमा देखिएका बहुप्रकोपीय विपद्को सामना गर्न सबैको सहकार्य आवश्यक भएको औँल्याउनुभयो । उहाँले अहिले भइरहेको पूर्वसूचना प्रणालीलाई प्रभावमा आधारित बनाएर वास्तविक तथ्याङ्क र प्रभावबारे जानकारी दिनुपर्नेमा जोड दिनुभयो । सम्मेलनको पहिलो दिन बिहीबारविपद् सुशासन र विपद् जोखिमन्यूनीकरणतथाव्यवस्थापनको स्थानीयकरणसम्बन्धी छलफल भएको थियो । शुक्रबारको प्राविधिक सत्रमा विपद् जोखिम व्यवस्थापन र बुझाइसम्बन्धी छलफल हुनेछ । नेपाल विश्वव्यापीरूपमा प्रकोपका हिसाबले एघारौँ स्थानमा छ । भूकम्प र बाढीको जोखिमको हिसाबले क्रमशः तीसौँ स्थानमा छ । नेपालले महाभूकम्पदेखि विश्वव्यापीरूपमा उल्लेखनीय प्रकोपका घटना देखेको छ । त्यसैले पनि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावमा आधारित बनाएर चुस्त योजना कार्यान्वयन गर्नु जरुरी रहेको सहभागीहरूले औँल्याएका छन् । सम्मेलनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा नीति, प्रावधान र अभ्यासबारे ज्ञान बढाउन, विभिन्न तहका सरोकारवालाबीच समन्वय बढाउन तथा समन्वयात्मकरूपमा कार्यनीति बनाई लागू गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।

# युक्रेनमा रहेका सबै नेपाली सुरक्षित

**रासस**
**काठमाडौं, १२ फागुन**

युक्रेनमा पछिल्लो विकसित घटाक्रमका कारणले त्यहाँ रहेका नेपालीको सुरक्षाप्रति गैरआवासीय नेपाली सङ्घ( एनआरएनए) ले चिन्ता व्यक्त गरेको छ ।

एनआरएनएले बिहीबार एक प्रेस विज्ञप्ति प्रकाशित गरी युक्रेनमा लामो समयदेखि स्थायी बसोबास गर्दै आएका ३८ नेपाली राष्ट्रिय समन्वय परिषद् युक्रेनको सम्पर्कमा रहेको र पछिल्लो विकसित घटनाक्रमबीच पनि उनीहरु सबै सकुशल रहेको जनाइएको छ ।

विज्ञप्तिमा ३८ जनाबाहेक पनि युक्रेनमा ४४ विद्यार्थी र ट्रान्जिटमा २०० भन्दाबढी नेपाली रहेको जानकारी प्राप्त भएकाले त्यहाँस्थित सबै नेपालीलाई आफ्नो अवस्थाबारे राष्ट्रिय समन्वय परिषद् युक्रेनमा जानकारी गराउनसमेत अनुरोध गरिएको छ ।

# बलेवा विमानस्थल : धावनमार्गको कालोपत्र जारी

**पोखरापत्र संवाददाता**
**बागलुङ १२ फागुन**



लामो समयदेखि कालोपत्रको पर्खाइमा रहेको बलेवा विमानस्थलको धावनमार्ग कालोपत्रले सार्थकता पाउन थालेको छ । धावन मार्ग कालोपत्रसँगै जहाज चल्नेमा यहाँका स्थानीयवासी आशावादी भएका छन् ।

अहिले विमानस्थल धावनमार्ग धमाधम कालोपत्र जारी छ । २०७७ फागुनमै कालोपत्र सम्पन्न गर्नुपर्ने काम पटक-पटक प्रभावित बन्दै आएको थियो । अहिलेसम्म ३० प्रतिशत काम सम्पन्न भइसकेको जनाइएको छ । यही फागुन १ गतेदेखि सुरु भएको विमानस्थल कालोपत्रको काम फागुन मसान्तभित्रै सकिने छ । २०७७ फागुन महिनाभित्र विमानस्थलको ७०० मिटर लम्बाइ तथा ३० मिटर चौडाइ धावनमार्ग कालोपत्र गरी सक्ने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणले काष्ठमण्डप उमा एण्ड कम्पनी जेभी, बल्खुसँग सात करोडमा ठेक्का सम्झौता गरेको थियो । विभिन्न समस्याका बाजुत पनि विमानस्थलको धावनमार्गको कालापत्रेले तीब्रता पाएको निर्माण कम्पनीका प्रतिनिधि बासु थापाले जानकारी दिनुभयो । कोरोना महामारी र वर्षाका कारण कालोपत्रेको काम पटक-पटक प्रभावित बनेपनि अहिले कालोपत्रे कामले तिब्रता पाएको उहाँले जानकारीदिनुभयो । धावनमार्गको कटिङ, नाली तथा तारबार एक वर्ष पहिलै सकिएर कालोपत्रेका लागि तयार भएको विमानस्थल अहिलेसम्म सडक र कोरोनाका कारण धानवनमार्गको ग्राभेल समेत भइसक्दा समेत सम्पन्न भइसकेको थियो । मौसम र प्रविधिले साथ दिएमा एक हप्तामै कालोपत्रेको काम काम सकिने नेपाल नागरिक उड्डयन प्राधिकरणका इन्जिनियर सत्यराम दुवालले जानकारी दिनुभयो । विमानस्थल कालोपत्रेको ठेक्का चैत्र मसान्त सम्ममात्रै रहेको प्राधिकरणले जनाएको छ । कालोपत्रे निर्माणसंगै विमानस्थलको काम सम्पन्न हुनेछ । २६ वर्षदेखि बन्द अवस्थामा रहेको सो विमानस्थल बागलुङ नगरपालिकाको संयोजनमा २०७४ चैत ९ गतेबाट पुनः सञ्चालन आएको थियो । नेपाल एयरलाइन्स तथा तारा एयरलाइन्सका जहाजले केही महिना उडान समेत भरेको र त्यसको फलस्वरुप अहिले विमानस्थल धमाधम कालोपत्रे भइरहेको र जहाज चलाउन अब समस्या नहुँने बागलुङ नगर प्रमुख जनकराज पौडेलले जानकारी दिनुभयो । बागलुङ-१४ नारायणस्थानमा सो विमानस्थल छ । हवाई सेवा नियमित भएमा बागलुङका साथै, पर्वत र म्याग्दीका जनतालाई समेत सुविधा पुग्ने बताइएको छ ।

कालीगण्डकी करिडोरसँग जोडिएको विमानस्थल पुग्न बागलुङ बजारदेखि जम्मा १२ किलोमिटर सडक कच्ची छ । मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर कालोपत्रे हुनसकेमा विमानस्थल सञ्चालनका लागि यात्रुको अभाव नहुने सरोकारवाला बताउँछन् । बर्खाको समय धावनमार्गमा हिलो र हिउँदमा धुलो उड्ने समस्या भएपछि विमानस्थल बन्द भएको थियो ।

नगरपालिकाको संयोजनमा २०७४ चैत्र ९ गतेबाट पुनः सञ्चालन आएर नेपाल एरलाइन्स तथा तारा एरलाइन्सले केही महिना उडान भरेपनि आवश्यक पूर्वाधार र धावमार्ग कच्ची भएका कारण अहिले बन्द अवस्थामा छ ।

# दुई प्रदेश जोड्ने पक्की पुल निर्माण तीव्र गतिमा

**पोखरापत्र संवाददाता**
**दमौली १२ फागुन**

गण्डकी प्रदेशको तनहुँ र लुम्बिनी प्रदेशको पाल्पा जोड्ने कालीगण्डकी नदीमाथि निर्माण भइरहेको पक्की पुलको कार्यले गति लिएको छ ।

तनहुँको घिरिङ गाउँपालिका-१ पुट्टार र पाल्पाको रामपुर नगरपालिका-१ स्याउली बजार जोड्ने पक्की पुलको कामलाई गति दिइएको हो ।

कोरोना कहरका कारण विगतमा काममा ढिलासुस्ती भए पनि अहिले कामलाई तीव्र पारिएको पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष विष्णुभक्त सिग्देलले जानकारी दिनुभयो । विसं २०७७ जेठदेखि निर्माण सुरु भएको पुलको म्याद चालू आर्थिक वर्षको अन्तिमसम्म रहेको छ । हालसम्मको पुलको काम ३७ प्रतिशत सकिएको छ ।

“कोरोना कहरका कारण पुल निर्माणमा ढिलाइ भयो, कोरोनाको प्रभावका कारण निर्माणको काम एक वर्ष थप भएको छ”, उहाँले भन्नुभयो । सिग्देलका अनुसार हालसम्म दुई वटा पिल्लरको क्याप बनेको र दुई वटा फाउण्डेसन सकिएको छ । “नदी बगेको ठाउँमा डाइभर्सन गरेर मुख्य पिल्लर बनाउनुपर्ने काम भने बाँकी छ”, उहाँले भन्नुभयो । दुई सय १० मिटर लामो पुल निर्माणको जिम्मा काठमाडौँस्थित शर्मा जेभी एण्ड युनाइटेड विल्डर्सले पाएको छ । उक्त पुल तनहुँ र पाल्पा जोड्ने एकमात्र पक्की पुल हो । पुल योजना पश्चिम क्षेत्र सेक्टर नं ४ को प्रत्यक्ष निर्देशन र निरीक्षणमा पुल निर्माण कार्य भइरहेको छ ।

डबल लेन प्रविधिमा निर्माण हुने पुल रु २७ करोड लागतमा सङ्घीय सरकारको बजेटमार्फत् निर्माण भइरहेको छ । कालीगण्डकी नदीमा पुल नहुँदा पुट्टार र स्याउलीका सर्वसाधारण पाल्पाको निस्दी गाउँपालिका हुँदै लामो दूरीबाट यात्रा गर्न बाध्य छन् । यहाँ पुल निर्माण सुरु भएपछि स्थानीयवासी पनि खुसी छन् । पुल नहुँदा नजिकै रहेको स्याउली बजार जान पनि घुमेर जाँदा टाढा पर्थ्यो । पुल निर्माण भएपछि सहजरुपमा आवातजावात गर्न सकिन्छ । मोटरेबल पुल निर्माण भएपछि दुई स्थानीयवासी लाभान्वित हुनेछन् ।

# बजेट खर्च गर्ने योजना बनाउन आग्रह

**रासस**
**मनाङ १२ फागुन**

गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजीप्रसाद बरालले बढीभन्दा बढी बजेट खर्च हुनेगरी योजना तथा कार्यक्रमहरु अघि सार्न आग्रह गर्नुभएको छ ।

प्रदेशको अर्थ मन्त्रालयले आज लमजुङमा आयोजना गरेको बजेट कार्यान्वयन र आर्थिक अनुशासनसम्बन्धी अन्तर्क्रियामा उहाँले सङ्घीयता कार्यान्वयनको अभ्यासमा रहेकाले केही कठिनाइ हुने भन्दै यस वर्ष कम्तीमा ८० प्रतिशत बजेट खर्च गर्नेगरी अघि बढ्न आग्रह गर्नुभयो । कर्मचारीहरु समस्या देखाएर उम्कन नपाउने उहाँले बताउनुभयो । विभिन्न योजनामा विनियोजन गरेको रकम फ्रिज गर्ने प्रक्रियाको अन्त्य गर्ने रणनीतिमा आफूहरु रहेको मन्त्री बरालले बताउनुभयो । नागरिकका खाँचो र आवश्यकताका योजना छनोट गर्न मन्त्री बरालको आग्रह थियो । प्रदेश नीति तथा योजना आयोगका सदस्य माया तिमिल्सिनाले बजेट खर्च गर्ने नीति तथा प्रणालीमा नै सुधार गर्नुपर्ने बताउनुभयो । जिल्ला समन्वय समिति लमजुङका प्रमुख भोजराज पाण्डेले लमजुङवासी विकासे मुद्दामा एक भएको बताउनुभयो ।

अर्थ मन्त्रालयका सचिव वैकुण्ठप्रसाद अर्यालले गत वर्ष लमजुङमा ७२ प्रतिशत चालूतर्फ र ७५ प्रतिशत पुँजीगत खर्च भएको जानकारी गराउँदै चालू आर्थिक वर्षको सात महिनामा १९ प्रतिशत बजेट खर्च भएको बताउनुभयो । खर्च नहुने योजनाको फाइल अघि बढाउन उहाँले सुझाव दिनुभयो ।

सो कार्यक्रममा भौतिक पूर्वाधार विकास कार्यालय लमजुङका प्रमुख सुमन गिरी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय लजमुङका प्रमुख राजेन्द्र भण्डारी, कृषि ज्ञानकेन्द्र लमजुङका प्रमुख सुदीप खतिवडा, स्वास्थ्य कार्यालय लमजुङका अमर दवाडीलगायतले प्रदेश सरकारका योजना र कार्यक्रमहरुमा आफ्ना धारणा राख्नुभयो ।

# ढुङ्गा–बेनी खण्ड निर्माण द्रुत गतिमा

**पोखरापत्र संवाददाता**
**पर्वत, १२ फागुन**

निर्माण व्यवसायीको ढिलासुस्तीका कारण कतिपय पूर्वाधार विकास योजना अलपत्र परेका धेरै उदाहरण रहेकामा पर्वतमा सञ्चालित एक योजना भने सम्झौता समयावधिभित्रै काम सम्पन्न गर्ने लक्ष्यसहित निर्माण कम्पनी जुटेको छ । पर्याप्त सङ्ख्यामा मजदुर र उपकरण परिचालन गरेर एपेक्स-खड्का-कृष्ण जेभीले निर्माणलाई तीव्रता दिएको हो ।

राष्ट्रिय गौरवको कालिगण्डकी करिडोर सडक आयोजनाअन्तर्गतको मालढुङ्गा-बेनी सडकखण्डको १३ किमी सडक स्तरोन्नति गर्ने उक्त योजनामा यतिखेर धमाधम काम भइरहेको छ । प्रत्येक दिन बिहान ७ बजेदेखि बेलुका ९ बजेसम्म १५० मजदुर सडक बनाउने काममा परिचालित छन् । ठाउँठाउँमा उपकरण प्रयोग गरेर सडक विस्तार गर्ने काम गरिएको छ । गत २०७७ चैतमा रु ५२ करोड ८६ लाखमा ३१ हजार २८१ मा उक्त कम्पनीले ठेक्का सम्झौता गरेकामा सहायक ठेकेदार ओमकारेश्वर कन्ट्रक्सनले गत साउनदेखि सडक निर्माण थालेको थियो । तीस महिनामा सम्पन्न गर्ने गरी आयोजनाले निर्माण व्यवसायीसँग ठेक्का सम्झौता गरेको र सम्झौतालगत्तै निर्माण व्यवसायी कार्यस्थलमा परिचालन भएको थियो । पर्वतको मालढुङ्गादेखि आठ किमीसम्मको खण्डमा मजदुर र उपकरण परिचालन गरेर काम गरिरहेको बेनी जोमसोम कोरोला सडक आयोजनाका इञ्जिनीयर मन्दा पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार पाँच किमीसम्मको खण्डको स्टक्चरको काम करिब सकिएको छ । सडक चक्ला बनाउने, नाली निर्माण र सडकको दुवैतर्फ रिट्रेनिङ वाल लगाउने काम सकिएको इन्जिनीयर पन्तले बताउनुभयो । कटिङ, रिटेनिङ वाल र कल्भर्ट निर्माणका कामलाई तीव्रता दिएको निर्माण व्यवसायीको अहिलेको कामको गतिलाई हेर्दा सम्झौता समयावधि भित्रै सडक स्तरोन्नतिसहित कालोपत्र हुने अपेक्षा गरिएको जानकारी दिँदै उहाँले राष्ट्रिय गौरवको सडक भएकाले आयोजना कार्यालयले पनि निरन्तर ताकेता र साइडको अनुगमनलाई प्राथमिकता दिएको बताउनुभयो । आगामी २०७९ को चैत मसान्तसम्म योजना सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाले जनाएको छ । सडक स्तरोन्नति गरेर दुई लेनको सडक बनाउन लागिएको छ। मालढुङ्गादेखि बेनीसम्म १३ किमी सडक जीर्ण हुँदा सर्वसाधारणले सास्ती भोग्दै आएका थिए । गत वर्ष यो सडकलाई बेनी-जोमसोम-कोरोला सडक योजनाअन्तर्गत राखेर सडक निर्माण गर्ने निर्णयका साथै बोलपत्र आह्वान भएपछि काम अघि बढाइएको थियो ।

हाल छ मिटरको हाराहारीमा रहेको सडकलाई नौ मिटर चाक्लो बनाएर एक मिटरको नाली र दुई लेनमा आठ मिटर चौडाइका दरले अमेरिकी अक्सपाल्ट प्रविधिको कालोपत्र गरिने आयोजनाले जनाएको छ । विसं २०४८ मा 'कामका लागि खाद्यान्न' कार्यक्रमअन्तर्गत २०५२ सालमा बाटो निर्माण गरिएको र २०६८ मा कालोपत्र भएको मालढुङ्गा-बेनी सडक पछिल्लो समय जीर्ण अवस्थामा थियो । सडक जीर्ण हुँदा मुस्ताङ र म्याग्दीको भ्रमणमा आउने पर्यटकले सास्ती भोग्नुपरेको थियो । सडकको दुरावस्थाका कारण पर्वत र म्याग्दीका राजनीतिक दलका नेताको समेत आलोचना हुने गरेको थियो ।

# लाखले लगाए कोरोनाविरुद्धको 'बुस्टर डोज'

**रासस**
**काठमाडौं,१२ फागुन**

कोभिड-१९ विरुद्धको खोप अभियानअन्तर्गत हालसम्म १० लाखभन्दा बढीले खोपको अतिरिक्त मात्रा लगाएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कानुसार आजसम्म १० लाख २० हजार ५४१ जनाले कोरोनाविरुद्धको खोपको अतिरिक्त मात्रा लगाएका छन् ।

मन्त्रालयका अनुसार हालसम्म एक करोड ८४ लाख ३८ हजार १५१ पहिलो मात्रा खोप लगाएका छन् । यस्तै एक करोड ७२ लाख ३५ हजार ९३८ ले पूर्णमात्रा खोप लगाएका छन् । हालसम्म चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप प्राप्त भएको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घन्टामा कूल सात हजार ७४३ नमूना परीक्षण गर्दा ३१८ जनामा सङ्क्रमण पुष्टि भएको छ । हालसम्म नेपालमा नौ लाख ५४ हजार ९०३ जनामा सङ्क्रमण पुष्टि भएको छ । आज ५६२ जना कोरोनामुक्त भएका छन् । सक्रिय सङ्क्रमितको सङ्ख्या नौ हजार ६७८ छ । सक्रिय सङ्क्रमितमध्ये नौ हजार ४०६ होम आइसोलेसन, २७२ संस्थागत आइसोलेसन, ९३ आइसियू र १७ जना भेन्टिलेटरमा छन् । कोरोना सङ्क्रमणका कारण थप एक जनाको मृत्यु भएको छ । हालसम्म कोरोनाका कारण ११ हजार ९३१ जनाले ज्यान गुमाएका छन् । मन्त्रालयका अनुसार काठमाडौं, ललितपुर र कास्कीमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित छन् ।

# हराउन थाले ऊनका कपडा

**–तारानाथ आचार्य**
**बागलुङ, १२ फागुन**

तमानखोला गाउँपालिका-३ की छलिमाया बुढाथोकी ऊनका कपडा बनाउन सिपालु हुनुहुन्छ । ऊनका कपडा बनाउन ६६ वर्षीया बुढाथोकीले कलिलै उमेरमा सीप सिक्नुभएको हो ।

बजारका कपडाको प्रचलन नरहेका समयमा उहाँको परिवारले भेडाको ऊन निकाल्ने, त्यसबाट धागो कात्ने र कपडा बनाउने काम गर्ने गर्नुहुन्थ्यो ।आफ्नो घरका लागि आवश्यक ऊनका कपडा पुऱ्याएर उहाँहरुले गाउँलेसँग अन्न साट्ने गरेको सम्झना छ । बुढाथोकीसँग "उबेला कपडाको दुःख थियो, ऊनीका कपडाले सग्लो जाडो जान्थ्यो", बुढाथोकीले भन्नुभयो, "अहिले त बाबु ऊनी पाउन पनि गाह्रो छ, कपडा बुन्न छोडिसकेँ ।" आफू सानो हुँदा गाउँमा धेरै महिला पुरुषले भेडाको ऊनबाट स्वीटर, काम्लोलगायतका कपडा बुन्ने गरेको ताजै सम्झना छ उहाँसँग । साठी वर्ष पहिलेको समयमा अहिले जस्तो बजारका राम्रा कपडा गाउँमा पुग्दैनथे । त्यसैले प्रचलनमा भेडाको ऊनबाट स्थानीयस्तरमा नै कपडा बुन्ने गरेको उहाँको अनुभव छ ।

"डसना त्यही भेडाको ऊन कातेर बनाइएको कपडाको हुन्थ्यो, ओड्ने कम्बल पनि त्यहीँबाट बनाइन्थ्यो", उहाँले पुराना दिन सम्झँदै भन्नुभयो, "अहिले ऊनका कपडा गाउँमा देख्नै छाडियो ।" गाउँमा भेडा पाल्ने प्रचलन बिस्तारै हराएसँगै ऊन पाउन पनि कठिन हुने गरेको उहाँको अनुभव छ । स्थानीयस्तरमा नै बनाई कपडाको उत्पादन र प्रयोग घटेकामा आफूलाई चिन्ता लागेको उहाँले बताउनुभयो ।

ऊनका कपडा बनाउने प्रविधि र सीप गाउँका पाका पुराना मानिससँग अझै पनि रहेको छ तर त्यसको प्रयोग कम हुने गरेको गाउँपालिका अध्यक्ष जोकलाल बुढाले बताउनुभयो । "अचेल ऊनको कपडाभन्दा बजारको कपडा सस्तो हुन्छ, मान्छे त्यही प्रयोग गर्न थाले", बुढाले भन्नुभयो, "हामीले व्यावसायिक ऊन उत्पादन गर्नेलाई प्रोत्साहन गर्न सक्छौं ।" मासु र ऊन दुवैको उत्पादन बढाउनका लागि गत आर्थिक वर्षमा गाउँपालिकाले ४० जना भेडापालक किसानलाई गोठ सुधारका लागि अनुदान उपलब्ध गराएको बुढाले बताउनुभयो । मेहनत धेरै लाग्ने, ऊन धेरै लाग्ने बजारमा मूल्य नपाउने समस्याका कारण भेडाको ऊनबाट कपडा बनाउने सीप भएका पनि विस्थापित हुने अवस्थामा पुगेका हुन् । ऊनबाट तयार भएको कपडा अत्यन्त न्यानो हुने भएकाले बागलुङको तमानखोला, निसीखोला र ढोरपाटनका केही ठाउँमा जाडो छल्न यसकै प्रयोग गरिन्छ । यसलाई आधुनिकीकरण गर्नसके स्थानीयले राम्रो आम्दानी गर्नसक्ने स्थानीय योगेन्द्र सिपाली बताउनुहुन्छ । भेडाको ऊनबाट चर्खा र फिर्केको सहायताले धागो तयार गरेर कपडा बनाउने प्रचलन बागलुङमा बिस्तारै हराउन थालेको हो । त्यसो त अहिले गाउँमा भेडा पाल्ने मानिसमा पनि कमी आएको छ ।

व्यावसायिक रुपमा बाख्रापालनमा लाग्ने त गाउँघरतिर अहिले पनि छन् तर बाख्राबाट कपडाका लागि उन उत्पादन हुँदैन । त्यसैले एकातर्फ भेडापालन गर्नेको सङ्ख्या घटेको छ भने अर्कातर्फ अहिले बजारका कपडा सस्तोमा आउने र जस्तो चाह्यो त्यस्तै उपलब्ध हुने भएकाले पनि मानिस यी ऊनका कपडामा कम रुचि देखाउने गरेका छन् ।

त्यस्तै ऊनका कपडाको उत्पादनलाई आधुनिकीकरण गर्ने, सङ्गठितरुपमा यस्ता कपडा उत्पादन गर्ने तथा ग्रामीणस्तरमा पनि सरकारको अग्रसरतामा साना उद्योगका रुपमा विकास गर्ने अवधारणा पनि विकास हुनसक्दा पनि ऊनका कपडाको उत्पादनले व्यावसायिकस्वरुपमा लिन नसकेको हो । ग्रामीण तहमै उत्पादन हुने यस्ता परम्परागत उनका कपडा बजारमा उपलब्ध हुनेभन्दा टिकाउ र न्यानो पनि हुने गर्दछ । तर हातैले बुन्ने गरेकाले मेसिनले उत्पादन गरेका बजारका कपडाको तुलनामा भने आकर्षक नहुन सक्छ । यसका कारण पनि अहिलेको पुस्ता टिकाउ र न्यानोभन्दा पनि राम्रा र आकर्षक पहिरनतर्फ आकर्षित हुनाले पनि यी कपडाको उत्पादनतर्फ ध्यान नपुगेको हुनसक्छ ।

# बर्ड–फ्लु पुष्टि भएपछि कुखुरा नष्ट

**रासस**
**चितवन १२ फागुन**

भरतपुर महानगरपालिका- ८ स्थित महतो पोल्ट्री इन्डस्ट्रिज प्रालिद्वारा सञ्चालित फर्ममा पालिएका सबै कुखुरा नष्ट गरिएको छ ।

भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्रले सो फर्मको कुखुरामा बर्ड-फ्लु पुष्टि भएपछि नष्ट गरेको हो । केही दिन अघिदेखि कुखुरा मर्न थालेपछि नमूना परीक्षण गरिएको थियो । केन्द्रका निमित्त प्रमुख डा प्रभात न्यौपानेका अनुसार फर्ममा रहेका पाँच हजार ३०५ लेयर्स कुखुरा, १८ हाँस, १०० किलो दाना र १७६ अण्डा नष्ट गरिएको छ । फर्मलाई शिल गरेर नजिकै रहेको एउटा मासु पसल र वरिपरि पालिएका १८ कुखुरासमेत नष्ट गरिएको उहाँले जानकारी दिनुभयो । सो फर्ममा तीन खोर रहेका थिए । एउटा खोरमा २१ महिनाका एक हजार ५०० कुखुरा रहेकोमा मरेर ४६ वटा बाँकी रहेका थियो । दोस्रोमा सात महिनाका दुई हजार ४०० कुखुरा राखिएकोमा मरेर २३२ बाँकी रहेका थिए । तेस्रोमा २८ दिनका पाँच हजार १०० कुखुरा राखिएकोमा मरेर पाँच हजार २७ बाँकी रहेको केन्द्रका प्रमुख डा न्यौपानेले जानकारी दिनुभयो । केही दिनअघि जिल्लाकै राप्ती नगरपालिका-६ मा रहेको अनिता पशुपन्छी कृषि फर्ममा बर्ड-फ्लु देखिएको थियो ।

उहाँले जिल्लामा ठूलो सङ्ख्यामा कुखुरा भएकाले उच्च सावधानी अपनाउन कृषकलाई अनुरोध गरिएको बताउनुभयो । जिल्लाको पूर्वी र पश्चिम दुवै क्षेत्रमा बर्ड-फ्लु देखिएपछि कृषकले उच्च सावधानी अपनाउन थालेका छन् ।

# वरिष्ठ नेता पौडेलद्वारा मादी मर्स्याङ्दी मोटरमार्गको निरीक्षण

**पोखरापत्र संवाददाता**
**दमौली १२ फागुन**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले मादी मर्स्याङ्दी मोटरमार्गको बुधबार निरीक्षण गर्नुभएको छ । व्यास नगरपालिका-७ बाट सुरु हुने मादी मर्स्याङ्दी मोटरमार्गको वरिष्ठ नेता पौडेलले निरीक्षण गर्नुभएको हो ।

गण्डकी प्रदेशका सांसद सरिता गुरुङ र जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेसहितको उपस्थितिमामोटरमार्गको निरीक्षण गर्दै वरिष्ठ नेता पौडेलले यो मार्ग कालोपत्र भएपछि यस भेगको जनताको जीवनस्तर बदलिने बताउनुभयो । सो मोटरमार्गका लागि बजेट विनियोजन भई बोलपत्रको प्रक्रिया थालिएको बताइएको छ ।

वरिष्ठ नेता पौडेलले आजै जिल्लाका विभिन्न ठाउँमा आयोजित कार्यक्रममा कार्यकर्ता भेटघाट गर्नुभएको छ । वरिष्ठ नेता पौडेलले व्यास नगरपालिका-७ कलेस्ती, गजौडे, व्रिता, भानुको टुहुरेपसल र रम्घाटार, महन्ते हटिया, देउरालीटारमा कार्यकर्ता भेटघाट गर्नुभएको छ । सो क्रममा वरिष्ठ नेता पौडेलले पार्टीलाई सुदृढीकरण गर्नुपर्नेमा जोड दिनुभयो ।

वरिष्ठ नेता पौडेल केही दिन गृहजिल्लामा रहने कार्यक्रम रहेको छ । पौडेलले फागुन १३ गते व्यास नगरपालिका-१० मा निर्माण हुन लागेको व्यास नगर अस्पतालको शिलान्यास गर्ने कार्यक्रम रहेको छ । सोही दिन पौडेलले कालिका मार्गको अवलोकन गर्नुका साथै रुपाकोटमा आयोजित कार्यकर्ता भेटघाटलाई सम्बोधन गर्नुहुनेछ ।फागुन १४ गते नेपाली कांग्रेस तनहुँ क्षेत्र नं २ को आयोजनामा खैरेनीटारमा हुने सुदृढीकरण एवं अन्तर्क्रिया कार्यक्रममा पौडेलले सहभागिता जनाउनुहुनेछ ।

# क्षेत्रीय होटल सङ्घ तनहुँको अध्यक्षमा शाही

**पोखरापत्र संवाददाता**
**दमौली १२ फागुन**

क्षेत्रीय होटल सङ्घ तनहुँको अध्यक्षमा जीवन शाही सर्वसम्मत चयन हुनुभएको छ ।

सङ्घको सम्पन्न अधिवेशनले शाहीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो । सङ्घको वरिष्ठ उपाध्यक्षमा विकास खनाल, प्रथम उपाध्यक्षमा चन्द्रकुमार कायस्थ र विपिन प्रधान, महासचिवमा रामचन्द्र खड्का, कोषाध्यक्षमा विज्ञान कैनी र सचिवमा सुनिता पन्थ चयन हुनुभएको निर्वाचन समितिका संयोजक एवं वरिष्ठ अधिवक्ता कमलामोहन वाग्लेले जानकारी दिनुभयो ।

सङ्घको सदस्यमा लक्ष्मण जोशी, गणेश खत्री, सुनिल खड्का, सुरज गुरुङ, विनिता सेढाईं क्षेत्री, सुजना श्रेष्ठ, भावना अधिकारी, ईश्वर लामिछाने र सुनिलबहादुर अधिकारी चयन हुनुभएको छ । अधिवेशनको उद्घाटन गर्दै होटल एशोसिएशन नेपाल (हान)का वरिष्ठ उपाध्यक्ष विनायक शाहले पर्यटन क्षेत्रको विकास र उत्थानका लागि होटल एशोसिएशन हातेमालो गरेर अगाडि बढ्न तयार रहेको बताउनुभयो ।कार्यक्रममा तनहुँ उद्योग बाणिज्य सङ्घका अध्यक्ष पविन्द्रकुमार श्रेष्ठ, क्षेत्रीय होटल सङ्घ तनहुँका सल्लाहकार एवं चेम्बर अफ कमर्सका अध्यक्ष महेन्द्रमोहन भट्टराई, हानका केन्द्रीय सदस्य युवराज श्रेष्ठ, लव कार्कीलगायतले मन्तव्य राख्नुभएको थियो । सङ्घले विधान परिमार्जन गरी क्षेत्रीय होटल सङ्घ तनहुँलाई होटल सङ्घ तनहुँ बनाएको नवनिर्वाचित वरिष्ठ उपाध्यक्ष खनालले जानकारी दिनुभयो ।


**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

## Invitation for Sealed Quotation

**Sealed Quotation No: 14/078/79/PRM**
**Date of Publication: 25-02-2022**

1. The Phedikhola Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply and installation of Mini Tiller (Hand Tractor) with accessories to Phedikhola Rural Municipality, Contract ID: PRM-G-SQ-33-TS-078-79.
   Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Rural Municipal Executive (OoRME), Phedikhola Rural Municipality, Phedikhola Ward No 2, Phedikhola, Syangja, Nepal, Phone: 063-402053, email: phedikhola174@gmail.com.
   OR
   may visit PPMO website www.bolpatra.gov.np/egp.
2. Complete set of Sealed Quotation Documents may be purchased from the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola Ward No 2, Phedikhola, Syangja, Nepal by eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, VAT/Tax registration Certificate, Tax clearance certificate for F.Y. 2077/78 and upon payment of a non-refundable fee of NRs.1000.0 till 11-03-2022 during office hours.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP System i.e., www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account:
   i. Name of the Bank: Prime Bank Ltd. ii. Name of Office: Phedikhola Rural Municipality
   iii. Office Code no: none iv. Office Account No: 06500308CA
4. Sealed bids must be submitted to the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal by hand or through e-GP system i.e., www.bopatra.gov.np/egp on or before 13-03-2022 till 12:00 hrs. Bids received after this deadline will be rejected. In case of electronic bid submission through e-GP system, bidder should submit scanned copy of bid purchase voucher (PDF Format) and scanned copy of bid security (PDF format) along with the bid.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13-03-2022 on 12:00 hrs. at the office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 25,000.00, which shall be valid for 30 days beyond the validity period of the bid (i.e., Refer Clause ITB 20.1). If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.06500036CA at Prime Bank Ltd., Syangja and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.